संघीय संसद

# राष्ट्रिय सभा

चौथो अधिवेशन

## बैठक - १

२०७६ बैशाख १६ गते, सोमबार
अपरान्ह ४:०० बजे

## दैनिक कार्यसूची

### राष्ट्रपतिको पत्र

१. सम्माननीय अध्यक्षले अधिवेशन आव्हान सम्बन्धी सम्माननीय राष्ट्रपतिबाट प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### शोक प्रस्ताव

२. सम्माननीय अध्यक्षले निम्न लिखित प्रस्तावहरु प्रस्तुत गर्नुहुने :-

(क) "मिति २०७५ साल चैत्र १७ गते आइतबार साँझ बारा र पर्सा जिल्लामा आएको शक्तिशाली हावाहुरीका कारण भएको जनधनको क्षति प्रति राष्ट्रिय सभाको यो बैठक गहिरो दु:ख व्यक्त गर्दछ । दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ । उक्त प्राकृतिक विपत्तीका कारण घरबार विहिन भएकाहरुलाई तत्काल राहत तथा पुन:स्थापनाको उचित व्यवस्थापनका लागि नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।"

(ख) "वि.स. २०४८ सालको राष्ट्रिय सभा सदस्य भिक्षु अश्वघोष महास्थवीर ९३ बर्षको उमेरमा मिति २०७५ चैत्र २२ गते उपचारको क्रममा काठमाण्डौंमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. अश्वघोष महास्थवीर नेपालको छैठौं संघनायक, बुद्ध धर्म र दर्शनका ज्ञाता हुनुका साथै लुम्बिनी विकास कोषको पूर्व उपाध्यक्ष र धर्मोदय सभाको पूर्व अध्यक्ष समेत हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

(ग) "वि.स. २०६४ सालको संविधानसभा सदस्य दिवाकर गोल्छाको ६७ बर्षको उमेरमा मिति २०७५ साल चैत्र २६ गते मंगलबार उपचारका क्रममा भारतको चेन्नईमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

नेपाली काँग्रेसका नेता स्व. गोल्छा नेपालको औद्योगिक विकासमा सक्रिय उद्योगपति एवं नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

(घ) "वि.स. २०४८ सालको आम निर्वाचनमा गुल्मी जिल्ला निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित रुद्रमणि शर्मा भण्डारीको ७२ बर्षको उमेरमा मिति २०७५ साल चैत्र २८ गते बिहीबार गुल्मी जिल्लामा भएको जिप दुर्घटनामा परी निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

नेपाली काँग्रेस गुल्मी जिल्लाका पूर्व सभापति स्व. भण्डारी नेपालको ऐतिहासिक लोकतान्त्रिक आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

(ङ) "वि.स. २०४८ र २०५६ सालको आम निर्वाचनमा प्रतिनिधि सभा सदस्यमा रुपन्देही जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित रामकृष्ण ताम्राकारको ७६ बर्षको उमेरमा मिति २०७६ साल बैशाख १० गते मंगलबार उपचारको क्रममा ललितपुरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

नेपाल सरकारका पूर्व मन्त्री एवं नेपाली काँग्रेसका पूर्व केन्द्रीय कोषाध्यक्ष स्व. ताम्राकार नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव